# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np


प.सं : २०८२/०८३

च.नं :

मितिः-२०८३।०३।२२

## सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

पैयूँ गाउँपालिकालाई कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका तथा यस गाउँपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेका केही सहकारी संस्थाहरूमा पछिल्लो समय सदस्यहरूले लिएको ऋण (कर्जा) सम्झौता बमोजिम समयमै साँवा तथा ब्याजसहित भुक्तानी नगर्दा संस्थाहरूको तरलतामा समस्या उत्पन्न भई बचतकर्ताहरूलाई बचत फिर्ता गर्न कठिनाई भइरहेको जानकारी प्राप्त भएको छ।

सहकारी संस्था सदस्यहरूको नियमित बचत तथा कर्जा परिचालनबाट सञ्चालन हुने स्वायत्त संस्था भएकाले संस्थाबाट लिएको ऋण (कर्जा) सम्झौता, शर्त तथा कबुलियत बमोजिम समयमै चुक्ता गर्नु प्रत्येक ऋणी सदस्यको कानुनी तथा नैतिक दायित्व हो। त्यसैले सम्बन्धित सबै ऋणी सदस्यहरूलाई आफूले लिएको कर्जाको साँवा तथा ब्याज यथाशीघ्र सम्बन्धित सहकारी संस्थामा भुक्तानी गरी संस्थाको वित्तीय सुशासन, तरलता व्यवस्थापन तथा बचतकर्ताहरूको हित संरक्षणमा सहयोग गर्न हार्दिक अनुरोध गरिन्छ।

सहकारी सम्बन्धी प्रचलित कानून तथा पैयूँ गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ५८ र ६१ को प्रयोजनको लागि दफा ६२ बमोजिम ऋणी सदस्यले समयमै कर्जा भुक्तानी नगरेमा ऋणी व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था रहेको साथै कर्जा असुलीका लागि कानून बमोजिम सम्बन्धित संस्थाले कर्जा असुली न्यायाधिकरणमा मुद्दा दायर गर्न सक्ने व्यवस्था समेत रहेको छ।

तसर्थ, अनावश्यक कानुनी झन्झट, अतिरिक्त आर्थिक भार तथा कारबाहीबाट बच्न सम्बन्धित सबै ऋणी सदस्यहरूलाई आफूले लिएको ऋण (कर्जा) सम्झौता बमोजिम यथाशीघ्र सम्बन्धित सहकारी संस्थामा भुक्तानी गर्न यो सूचना प्रकाशित गरिएको छ ।

२०८३.०३।२२

जिवन गैरे

प्रमुख प्रशासकीय अधिकृत